# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।०२ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको।

---

नापी कार्यालय बुढानीलकण्ठ, काठमाडौंका नापी सर्वेक्षक सुरेन्द्रसिंह कुवँरले जग्गा हालसाविक गर्ने प्रयोजनका लागि आलटाल गरी विभिन्न बहाना बनाइ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजलाई रु.२५,०००।-(पच्चीस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा बुढानीलकण्ठ नगरपालिका वडा नं.-७ हात्तीगौंडास्थित कमर्सियल कम्प्लेक्सको कम्पाउण्डबाट मिति २०७५।०६।०१ गते नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता